# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ८ मितिः २०८२।१०।१२

## भाग — २

### खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगतवित्तिय रणनीति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो " **खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगतवित्तिय रणनीति** " बनाई लागू गरेको छ ।

# खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगतवित्तिय रणनीति

*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०९/१७*

## आभार

शिवराज नगरपालिकाद्वारा तयार पारिएको खानेपानी, सरसफाइ र स्वच्छता (वास) क्षेत्रगत वित्त र लगानी सम्वन्धि 'खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)क्षेत्रगत वित्तिय रणनीति'सबैका निम्ति साझा गर्न पाउँदा हामीलाई अत्यन्त खुसी लागेको छ । यो रणनीति पुस्तिकाले शिवराज नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (वास) योजनाको कार्यान्वयन र क्षेत्रगत सुशासनमा प्रभावकारी रुपले सहजीकरण गर्नेछ भन्ने हामीले अपेक्षा गरेका छौं । यसमा उल्लेखित रणनीतिको सफल परिपालन गरि आवश्यक वित्तिय श्रोत तथा लगानीको पहिचान र परिचालन हुन सकेमा नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (वास) क्षेत्रगत विकास र नगरवासीमासुरक्षित खानेपानी र सरसफाइ सेवा प्रवाहहुने कुरामा म विश्वस्त छु ।

यस प्रकारको रणनीतिले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने अन्य नीति तथा कार्यक्रमहरुलाई प्रथमिकीकरण सहित उपलब्ध सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गरि नगरपालिकाको समग्र विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुर्याउने विश्वास लिएका छौ ।यसै रणनीति पुस्तिका मार्फत हामी देशमा कार्यरत विकास साझेदार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरुलाई शिवराज नगरपालीकाको खानेपानी, सरसफाइ र स्वच्छता (वास) योजना अनुरुपका आयोजना, कार्यक्रम र सेवा प्रवाहमा हातेमालो गर्न तथा वित्तिय र प्राविधिक सहयोग प्रदान गर्न आह्वान गर्दछौं । यहाँहरुको सहयोग र वित्तिय लगानीले शिवराज नगरपालिकाका जनताहरुको सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता (वास) सम्वन्धि दिगो विकास लक्ष्यः६ को स्थानीयकरण सहितको राष्ट्रिय लक्ष्य पुरा गर्न महत्वपूर्ण योगदान रहनेछ भन्ने हामीले ठानेको छु ।

शिवराज नगरपालीकाको खानेपानी, सरसफाइ र स्वच्छता (वास) क्षेत्रगत विकास र सुशासनको आधारको रुपमा रहने यो वित्तिय रणनीति तयार गर्न हरतरहले सहयोग पुर्याउने शिवराज नगरपालिकाका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र युनिसेफ क्षेत्रिय कार्यालय भैरहवा, इन्स्चियुट फर इन्टरनेशनल डेभलपमेन्ट लगायत समग्र कार्यपालिका सदस्य र कर्मचारी वर्गलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

..............................................................

**अजय थापा**

**नगर प्रमुख**

शिवराज नगरपालिका, लुम्बिनी प्रदेश

शिवराज नगरपालिकाले दिगो विकास लक्ष्य ६अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवा पहुँचमा सुधार ल्याउने उद्देश्यका साथ तयार पारेको "वास क्षेत्रगत वित्तिय रणनीति" रणनीतिक दस्तावेज मात्र नभई स्थानीय शासन प्रणाली अन्तर्गत योजना कार्यान्वयन र स्रोत परिचालनमा पारदर्शिता, जवाफदेहिता र नतिजा मुखी विकासलाई मार्गदर्शन गर्ने एउटा महत्वपूर्ण कदम हो। यो रणनीति पुस्तिका खानेपानी तथा सरसफाइ क्षेत्रमा नगरपालिकाको दीर्घकालीन सोच, वित्तिय क्षमता र आगामी मार्ग चित्र प्रस्तुत गर्ने ऐतिहासिक दस्तावेजका रूपमा रहेको छ।

यस रणनीतिले वास योजनाका लक्ष्यहरूलाई कार्यान्वयन गर्न आवश्यक स्रोतहरूको पहिचान मात्र होइन, ती स्रोतहरू कहाँबाट, कसरी जुटाउने भन्ने यथार्थ वादी र विश्लेषणात्मक खाका पनि दिएको छ। स्थानी यस सरकारका योजना विशेषतः घरायसी सरसफाइ, विद्यालय तथा स्वास्थ्य संस्थाका वास पूर्वाधारहरूमा पूँजीगत तथा संचालन खर्चको अन्तर (gap) स्पष्टरूपमा उजागर गर्दै यसको व्यावहारिक समाधानका लागि मार्गदर्शन गर्ने यो रणनीति प्रभावकारी हुनेछ भन्ने विश्वास लिएको छु।

यस रणनीतिको तयारीका क्रममा नगरकार्यपालिका, विभिन्न शाखा कार्यालय, उपभोक्ता समिति, नागरिक समाज, विज्ञ तथा विकास साझेदारहरूसँग गरिएको सहकार्य र अन्तरक्रियाले यसको विश्वसनीयता र प्रयोगिक मूल्य थप बलियो बनाएको छ। हामीले यसबाट प्राप्त सिकाइ र अभ्यास अन्य पालिकाहरूमा पनि विस्तार गर्न सक्नेछौं, जुन समग्रमा प्रदेश स्तरमा समन्वित र एकीकृत वास योजना निर्माण र बजेटका र्यान्वयनमा योगदान पुर्याउने छ।

शिवराज नगरपालिका भविष्यमा वास सेवा क्षेत्रलाई अझ प्रभावकारी, समावेशी र दिगो बनाउनका लागि यस रणनीति कार्यान्वयनमा प्रतिबद्ध रहनेछ। साथै, रणनीतिमा पहिचान गरिएका वित्तिय खाडल (gap) न्यूनीकरणका लागि संघीय, प्रादेशिक तथा साझेदार निकायहरूसँग सहकार्य तथा स्रोत परिचालनमा आवश्यक कूटनीतिक पहलहरू निरन्तर जारी राखिनेछ।

अन्त्यमा, रणनीति तयारीमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नु हुने नगर प्रमुख ज्यू, उप—प्रमुख ज्यू, सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारी वर्ग, युनिसेफ क्षेत्रीय कार्यालय भैरहवा, इन्स्टिच्युट फर इन्टरनेशनल डेभलपमेन्ट (IID) लगायत सम्पूर्ण सरोकारवाला प्रति आभार व्यक्त गर्दछु।

धन्यवाद।

.............................................................

**पिताम्बर पाण्डे**

**प्रमुख प्रशासकीय अधिकृत**

शिवराज नगरपालिका, लुम्बिनी प्रदेश

**उद्देश्यहरूः**

वास सेवाहरूको दिगो वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने र सेवाहरूको गुणस्तर तथा पहुँच विस्तार गर्नको लागि आवश्यक वित्तीय स्रोतहरूको परिचालन गर्ने। यसका विशिष्ट उद्देश्यहरूमा नगरपालिका भित्रका सबै नागरिकहरूलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्न आवश्यक लगानी परिचालन गर्ने, सरसफाइ र स्वच्छता सेवाहरूको विस्तार र गुणस्तर सुधारका लागि वित्तीय योजना बनाउने, वास सेवाहरूको सञ्चालन तथा मर्मत सम्भारका लागि दिगो राजस्वसंयन्त्र स्थापना गर्ने, सार्वजनिक र निजी क्षेत्रको लगानी आकर्षित गर्ने रणनीति तयार गर्ने, लागत प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्दै वित्तीय दक्षता बढाउने, गरि बर सीमान्तकृत समुदायका लागि सहुलियत योजना तयार गर्ने, पूर्वाधार विकास र सेवा विस्तारका लागि आवश्यक पुँजीगत लगानीको योजना बनाउने, तथा स्थानीय, प्रादेशिक र संघीय सरकारबाट प्राप्त हुने अनुदान र सहयोगको प्रभावकारी उपयोग सुनिश्चित गर्ने जस्ता कुराहरू समावेश भएको हुनेछ ।

**१ .दिगो वित्तीय व्यवस्थापन प्रणाली स्थापना गर्ने**

वास क्षेत्रका सेवाहरूको दीर्घकालीन सञ्चालन र विस्तारका लागि आर्थिक रूपमा दिगो र आत्मनिर्भर वित्तीय प्रणाली विकास गर्ने। यसमा राजस्व परिचालन, खर्च व्यवस्थापन र वित्तीय योजना निर्माणका लागि स्पष्ट नीति, कार्यविधि र संयन्त्र स्थापना गरी सेवाहरूको निरन्तरता सुनिश्चित गर्ने। वित्तीय पारदर्शिता र जवाफ देहिता कायम गर्दै सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने र सार्वजनिक विश्वास बढाउने।

**२ .सर्वव्यापी र न्यायोचित सेवा पहुँच सुनिश्चित गर्ने**

नगरपालिकाका सबै नागरिकहरू, विशेषगरी ग्रामीण क्षेत्र, बस्ती क्षेत्र र सीमान्तकृत समुदायमा बसोबास गर्ने जनताहरूलाई सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता सेवाहरूको समान पहुँच सुनिश्चित गर्न आवश्यक वित्तीय स्रोतहरूको व्यवस्था गर्ने। आर्थिक रूपमा कमजोर वर्गका लागि सहुलियत दर, अनुदान तथा क्रस-सब्सिडी योजना लागू गरी सामाजिक समावेशिता प्रवर्द्धन गर्ने।

**३ .पूर्वाधार विकास र विस्तारका लागि लगानी परिचालन गर्ने**

खानेपानी वितरण प्रणाली, ढल निकास संरचना, फोहोर व्यवस्थापन प्रणाली, तथा सार्वजनिक शौचालय जस्ता भौतिक पूर्वाधारहरूको निर्माण, विस्तार र आधुनिकीकरणका लागि आवश्यक पुँजीगत लगानीको योजना तयार गर्ने। संघीय, प्रादेशिक तथा अन्तर्राष्ट्रिय स्रोतबाट अनुदान, ऋण र सहायता परिचालन गर्ने र निजी क्षेत्रको लगानी आकर्षित गर्ने।

**४ .सञ्चालन तथा मर्मत सम्भार खर्चको दिगो व्यवस्था गर्ने**

निर्मित पूर्वाधारहरूको नियमित सञ्चालन, मर्मत, सम्भार र प्रतिस्थापनका लागि पर्याप्त वित्तीय व्यवस्था सुनिश्चित गर्ने। उपयोगकर्ता शुल्क, सेवा दस्तुर र स्थानीय राजस्वबाट आवश्यक रक संकलनगर्दै सञ्चालन

खर्चको लागि आत्मनिर्भर बन्ने रणनीति तयार गर्ने। सम्पत्ति व्यवस्थापन योजना बनाई दीर्घकालीन लागत अनुमान गर्ने।

**५ .राजस्व संकलन क्षमता र दक्षता अभिवृद्धि गर्ने**

पानी महसुल, ढल शुल्क, फोहोर व्यवस्थापन शुल्क र अन्य सेवा दस्तुरहरूको प्रभावकारी संकलन प्रणाली विकास गर्ने। महसुल संकलन दर बढाउन आधुनिक प्रविधि) मिटर, अनलाइन भुक्तानी (को प्रयोग गर्ने, उचित मूल्य निर्धारण नीति लागू गर्ने र चुहावट तथा अनाधिकृत प्रयोग नियन्त्रण गर्ने।

**६ .लागत प्रभावकारिता र वित्तीय दक्षता बढाउने**

सेवा प्रदानमा हुने खर्चलाई न्यूनीकरण गर्दै गुणस्तरीय सेवा प्रवाह कायम राख्ने। ऊर्जा खपत घटाउने, पानीको चुहावट कम गर्ने, कार्य सम्पादन आधारित बजेट प्रणाली लागू गर्ने र प्रशासनिक खर्च व्यवस्थित गर्ने। मूल्य-लाभ विश्लेषण गरी प्राथमिकता निर्धारण गर्ने।

**७ .बहु स्रोतीय वित्त परिचालन संयन्त्र विकास गर्ने**

स्थानीय राजस्व, संघीय र प्रादेशिक अनुदान, विकास साझेदारहरूको सहयोग, बैंक तथा वित्तीय संस्थाबाट ऋण, सार्वजनिक-निजी साझेदारी) PPP), र समुदाय योगदान जस्ता विविध वित्तीय स्रोतहरूलाई एकीकृत रूपमा परिचालन गर्ने क्षमता विकास गर्ने।

**८ .जोखिम व्यवस्थापन र वित्तीय स्थिरता सुनिश्चित गर्ने**

प्राकृतिक प्रकोप, आर्थिक संकट, जलवायु परिवर्तन तथा अन्य अप्रत्याशित घटनाहरूबाट उत्पन्न हुने वित्तीय जोखिमको पहिचान गरी त्यसको न्यूनीकरणका लागि आकस्मिक कोष स्थापना, बीमा र वैकल्पिक योजना तयार गर्ने। दीर्घकालीन वित्तीय स्थिरता र सेवा निरन्तरता सुनिश्चित गर्ने।

**९ .संस्थागत क्षमता र सुशासन सुदृढीकरण गर्ने**

वित्तीय योजना, बजेट निर्माण, लेखा, लेखा परीक्षण, र प्रतिवेदन प्रणालीमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने। पारदर्शिता, जवाफ देहिता र सुशासन प्रवर्द्धन गर्दै सार्वजनिक सहभागिता र निगरानी प्रणाली सुदृढ बनाउने। नीति, कानून र कार्य विधिहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

**१० .दिगो विकास लक्ष्य) SDG) हासिल गर्न योगदान पुर्‍याउने**

SDG(६) सबैका लागि स्वच्छ पानी र सरसफाइ (को लक्ष्य हासिल गर्न आवश्यक वित्तीय संयन्त्र विकास गर्ने। राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै दिगो विकासमा योगदान पुर्‍याउने र जलवायु अनुकूल तथा वातावरण मैत्री प्रविधिहरूमा लगानी गर्ने।

## १. सारांश

स्थानीय सरकार तहमा वित्तिय रणनीति सम्वन्धि यो खालको प्रतिवेदन नेपालको निम्ति आँफैमा पहिलो हो । यो अध्ययन नेपाल नगरपालिका संघको नेतृत्वमा खानेपानी तथा ढल व्यवस्थापन विभागको प्रविधिक सहयोगमा गरिएको हो । यो प्रतिवेदनमा विशेष गरि स्थानीय तह खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) कार्यान्वयनका निम्ति वित्तिय रणनीति तयार गर्ने पद्धति र रणनीति दुवै उल्लेख गरिएको छ । तर सवै स्थानीय तहहरुका लागि यहाँ उल्लेखित पद्धति जस्ताको तस्तै लागु हुने नभइ आ-आफ्नो स्थानीयता र सन्दर्भ अनुरुप अनुकुलन गरिन सक्ने अपेक्षा गरिएको छ ।

## २. परिचय

### पृष्ठभूमी

नेपाल सरकारले दिगो विकास लक्ष ६.१ र ६.२ को स्थानियकरणका लागि प्रणालीगत रुपमा सहयोगका निम्ति पहल गरिरहेको सन्दर्भमा राष्ट्रिय स्तरमै स्थानीय तह खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत योजना तर्जुमामा पनि सहजीकरण गरिरहेको छ । देशका धेरै जसो स्थानीय तहहरु यस प्रकृयामा प्रवेस गरिसकेका छन् ।स्थानीय तह खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत योजना तर्जुमा प्रकृयाहरु निम्नअनुसार रेहेका छन्,




***Figure 1 WASH plan Process***

योजना तर्जुमाको सन्दर्भमा वित्तिय व्यवस्थाको प्रत्याभूति सहित नीतिगत र कानूनी संरचना, नियमन र जवाफदेहिताको निम्ति संस्थागत संयन्त्र लगायत अन्य आधारभूत स्तम्भहरुको व्यवस्था हुन सकेमात्र यसको उपादेयता सार्थकहुन्छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) वित्तिय रणनीति तर्जुमाको निम्ति तयार भएको सहयोगी पुस्तिकाले नगरपालिकहरुलाई उनीहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) को प्रभावकारी कार्यान्वयन गर्नका निम्ति सहयोग पुर्याउन सक्ने अपेक्षा गरिएको छ । नगरपालिकाद्वारा

तर्जुमा गरिएको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) मा प्राथमिकता सहितका योजनाहरुको पहिचान, यसको निम्ति आवश्यक लगानी, स्रोत तथा साधनहरु र सो मा भएको कमि लगायत कार्यान्वयन प्रकृयाका सवै आवश्यकअवयवहरु उल्लेख भएका हुन्छन् । सो योजनामा नगरपलिका अन्तरगतका सवै समुदाय, विद्यालय, स्वास्थ संस्था र सार्वजनिक स्थलहरु सहित समग्र खानेपानी, सरसफाइ र स्वच्छता को तथ्यांक, सूचना, लागत र प्राथमिकताहरु पनि समावेस भएका छन् । यसमा नगरपालिकासंग उपलब्ध वित्तिय स्रोत र कूल लागत विचको अन्तरको पनि गणना गरिएको हुन्छ जसद्वारा सो नगरपालिकाको उल्लेख्य वित्तिय अन्तर पत्ता लाग्दछ, जुन आफैमा नगरपालिकाको निम्ति चुनौतीको रुपमा रहेको छ ।

यस्तो खालको चुनैतीलाई संबोधन गर्नका निम्ति यो रणनीति पुस्तिकाले यो नगरपालिकाको निम्ति खर्चको वर्तमान ढाँचा तथा प्रवृत्ति (Trend) लगायत उपलब्ध र आवश्यक वित्तिय अन्तरको विस्लेषण गर्न र सो अन्तर घटाउन तथा पूर्ति गर्नका निम्ति व्यवहारिक दिशानिर्देश गर्न सघाउनेछ । साथसाथै अन्य संभाव्य स्रोत र साधनहरु जस्तै कर, महसुल, वित्तिय हस्तान्तरण र पुनर्भुक्तानी लगानी लगायत स्व-लगानीका विकल्पहरु वारे पनि पद्धतिगत रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत दिगोपन र विकासको सुनिश्चतता निम्ति नगरपालिकाहरुलाई सहजीकरण गर्नेछ ।

नगरपालिकाको निम्ति विस्तृत रुपमा वित्तिय रणनीति तयार गर्न प्रणालिगत र समावेशि विधिको आवश्यक पर्दछ । यो प्रकृयाको प्रमुख सारको रुपमा सरोकारवालाहरु विचको छलफल र अन्तरकृया कार्यशाला रहन्छ ।सोही विविध विचारहरुको संकलन र संष्लेषणद्वारा शिवराजनगरपालिकाको यो वित्तिय योजना तयार भएको हो ।

### ३. कार्यशाला संचालन

शिवराज नगरपालिकाकोखानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत विकासका लागि उपलब्ध स्रोतहरु र वित्तिय अन्तर पत्ता लगाइ सो अन्तर पूर्तीका संभाव्य रणनीति तयार गर्नका निम्ति सवै सरोकारवालाहरुसंग सहभागितामूलक छलफल र परामर्श हुने गरि स्थानीय स्तरमा कार्याशाला गोष्ठीको आयोजना गरिएको थियो । यो गोष्ठी पूर्व तयारी सहित संगठित प्रकृया र प्रस्तुतीहरु, अन्तरकृया र छलफल तथा सोको स्थलगत दस्तावेजीकरण सहित सम्पन्न गरियो ।

**कार्यशालाको उद्धेश्यः**

- नगरपालिकाको खानेपानी, सरसफाइ, विद्यालय, स्वास्थ संस्था र सार्वजनिक स्थल समेत समेटिने गरि खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत बित्तिय लगानीको अवस्था, प्रबृत्ती र बजेट विनियोजनका अवरोधहरु तथा स्रोत र साधनहरुको उपलव्धता तथा आवस्यकता विचको अन्तर पत्ता लगाउनु,
- खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत वित्तिय अभाव पूर्तिका संभावित उपायहरु सहित नगरपालिकाको प्राथमिकतासंग तादात्म हुने गरि उपलव्ध स्रोत साधनको समुचित उपयोगका निम्ति कार्यान्वयन गर्न सकिने खालको रणनीति तयार गर्न नगरपलिकाको सरोकारवालाहरु विच सहभागितामूलक छलफल गर्नु

- कार्यशालाको छलफल तथा सिकाइहरु सहित अन्य नगरपालिकाहरुमा पनि आगामी दिनहरुमा वित्तिय रणनीति तयार पार्नका निम्ति सवै प्रमुख विषयवस्तुहरुको दस्तावेजीकरण गर्नु

**कार्यशालाको विषयगत क्षेत्र (Scope):**

- उपलव्ध स्रोत साधन सहित वित्तिय अन्तर पत्ता लगाइ सो अन्तर पूर्तीका निम्ति स्रोतहरुको परिचालन गर्न लाभकारी हुने गरि तयार गरिएको वित्तिय रणनीति पुस्तिकामा यो कार्यशाला केन्द्रित रह्यो ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रका विविध प्रकारका पूंजीगत खर्च, संचालन खर्च, मरमत संभार खर्च र ऋण सहायता जस्ता प्रमुख खर्च स्रोतहरुको विस्लेषण गरियो ।
- यस प्रतिवेदनले सहभागितमूलक कार्यशाला सहित सरोकारवालाहरु विच गरिएको परामर्श र अन्तरक्रिया, मेटा-कार्ड अभ्यासहरु र कर, महसूल, हस्तान्तरण, पुनर्भुक्तानी सहितको लगानी र स्व-आपूर्ती संयन्त्र सवैलाई समेटेको छ ।
- यस कार्यशालाबाट प्राप्त प्रतिफलले समान प्रकृतिका अन्य नगरपालिकाहरुमा उस्तै खालको वित्तिय रणनीति तयार पार्न र विस्तार गर्न प्रकृयाहरु विकास हुने अपेक्षा गरिएको छ ।

**परिचयात्मक सत्र**

कार्यशालाको सुरुवात सो कार्यक्रमको परिचय र उद्धेश्य, छलफलका क्षेत्रहरु तथा आपसी छलफलका सामान्य संहिताहरुमा आधारित रहि गरियो । छलफलमा नगर कार्यपालिकाका सदस्यहरु लगायत नागरिक समाजका प्रतिनिधिहरु, विज्ञ तथा प्राविधिकहरु र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनीधिहरुको उपस्थिति रहेको थियो । कार्याशालाको पहिलो चरणमा सहभागीहरुलाई वित्तिय रणनीति सम्वन्धि सहयोगी पुस्तिकावारे जानकारी गराइयो र स्थानीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) को कार्यन्वयनमा यसको महत्वको वारेमा चर्चा गरियो । नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत विकास र दिगो प्रवन्धनमा यस रणनीतिले प्रकृयागत रुपमा लगानीको निम्ति वित्तिय अन्तर पहिचान गर्न र संवोधन गर्न महत्वपूर्ण भूमिका रहने तर्फ यो सत्रमा जोड दिइयो ।

**प्रस्तुतीकरण**

- **वित्तिय रणनीति तर्जुमा पुस्तिकाको परिचय**

पहिलो प्रस्तुतीमा वित्तिय रणनीति तर्जुमा पुस्तिकाको माध्यमद्वारा कार्याशालाको उद्धेश्य वारे सहभागीहरुलाई स्पष्ट परियो । यो सुरुवाती सत्र सामान्य परिचय सहित शिवराज नगरपालिकाको सान्दर्भिक विषयवस्तु र तथ्यांकमा केन्द्रित रह्यो ।

- **खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) र लगानी तथा खर्चको अन्तर (CostGap)**

अर्को प्रस्तुतीको रुपमा शिवराज नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) प्रस्तुत गरियो जसमा प्रक्षेपित खर्च, विगत वर्षहरु देखिको खर्चको अवस्था र प्रवृत्ति (Trend) तथा प्रमुख क्षेत्रमा रहेको लगानी अभाव सहितः

- खानेपानी
- सरसफाइ
- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)
- सार्वजनिक स्थल खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)
- स्वास्थ संस्थाहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)

स्थानीय तह खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान)मा आगामी १० वर्षका निम्ति आवश्यक पर्ने लगानीको प्रक्षेपण सहित यसमा समावेस भएको महत्वपूर्ण रणनैतिक वित्तिय योजनाको समग्र प्रस्तुतीकरण पनि गरियो ।

**अन्तर्कृयात्मक प्रश्नोत्तर सहित सरोकारवालासंगको छलफल**

- **अवरोधहरुको विश्लेषण प्रश्नावली**

'अवरोध विश्लेषण÷का निम्ति तयार पारिएको पूर्व-परिभाषित प्रश्नहरुद्वारा छलफललाई अगाडि बढाइ नगरपालिकासंग उपलब्ध वित्तिय स्रोत र आवश्यक पर्ने लगानी विचको अन्तर र सो अन्तरको पूर्तीका लागि रणनीति तयार गर्न केन्द्रीत गरियो । छलफलका लागि गरिएका प्रश्नहरु लगानी पूर्तीका निम्न विकल्पहरु र महसूल सम्वन्धि प्रावधानहरुमा विसेष जोड रहने गरि तयार गरिएका थिए ।

  - कर
  - महसुल
  - अन्तरसरकारी हस्तान्तरण र अन्य प्रकारका हस्तान्तरण
  - पुनर्भुक्तानी सहितको लगानी
  - स्व-लगानी \ स्व-आपूर्तीका पहलहरु

छलफलको क्रममा नयाँ नयाँ विषयवस्तु रप्रश्नहरुमा पनि छलफल भए जसबाट अन्तसम्बन्धित सवालहरुमा र बजेट विनियोजनको अवस्था, राजस्व उठतीका चुनौतीहरु तथा वित्तिय अभाववारे गहन विश्लेषण गर्न मार्ग प्रशस्त गर्यो ।

- **सरोकारवालाहरुसंगको छलफल**

नगरपालिकाका प्रतिनीधिहरु र सरोकारवालाहरुवाट छलफलकै क्रममा वर्तमान चुनौतीहरु सम्वन्धि निम्न विषयहरुमा पृष्ठपोषण र सुझावहरु प्राप्त भए;

  - स्व-आपूर्ती प्रावधानहरुसंग सम्वन्धित सवालहरु
  - विविध प्रकारका खर्च आपूर्तीका विकल्पहरुसंग सम्वन्धित सचेतना र सूचनाको कमी
  - खानेपानी गुणस्तर सम्वन्धि सचेतनाको कमिको कारण यसका प्रावधानहरु लागु हुन नसकेको अवस्था
  - खानेपानी चुहावट व्यवस्थापन; Non-Revenue Water (NRW) Management
  - खानेपानी र सरसफाइ सम्वन्धि व्यावसाय योजना (business plans) नरहेको आवस्था
  - महसुल उठाउन र नियमन गर्न भएका कठिनाइहरु आदी

छलफलका महत्वपूर्ण सवै विषयहरु मेटा-कार्डमा र भित्तेपाटीमा लेखि प्रदर्शन गरि र सवै सहभागीहरुविच पारदर्शी रुपमा समीक्षा गरियो । छलफलमा सवैको सकृय संलग्नताको सुनिश्चितता गरिएको थियो ।

**रणनीति तर्जुमा**

- **संयुक्त रणनीतिको पहिचान**

अन्तर्कृयात्मक छलफल सत्रमा सहभागिहरुद्वारा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) कार्यान्वयनमा देखिएका वित्तिय अभाव पूर्तिको लागि निम्नानुसार संभावनायुक्त रणनीतिहरु इंगित गरिए ।

- लैंगिक समानता र सामाजिक समावेसीकरण (GEDSI) र जलवायु सम्वन्धित बजेट र सोबाट लाभ उठाउन सक्ने अवसरहरुको खोजी
- महसुल नियमन सम्बन्धि प्रावधान र खानेपानी चुहावट व्यवस्थापन
- हस्तान्तरणवाट प्राप्त हुन सक्ने लगानी वारे संघीय र प्रादेशिक सरकार तथा अन्य संस्थाहरुसंगको पैरवी

कार्याशालाको छलफलवाट पहिचान गरिएका रणनीतिहरुको छलफलकै क्रममा मेटा-कार्ड र एक्सल शिटमा दस्तावेजीकरण गरियो जसबाट प्रारम्भिक वित्तिय रणनीति तालिका (matrix) तयार पार्न संभव भयो ।

**उपकरण तथा विधि**

- मेटा-कार्ड पद्धति

सहभागीहरु सवैको विचारको सम्मान र पारदर्शिता सहित र हरेक सवाल र रणनीतिको टिपोट गरि कार्याशालाको भित्तामा प्रदर्शन गरियो ।

- एक्सल दस्तावेज

गुणात्मक र संख्यात्मक विश्लेषण सहित छलफलका क्रममा प्रस्तुत तथ्यांकलाई संरचित ढाँचामा दस्तावेजीकरण गरियो ।

- छलफल र टिपोटको जीवन्त प्रदर्शन

सहभागीहरुको सकृय सहभागिता बृद्धिका निम्ति छलफलबाट निस्केका हरेक विषयवस्तुहरु सवैले देख्ने गरि जीवन्त प्रदर्शन गरिए ।

**४. पद्धति**

**तथ्यांक संकलनः**

तथ्यांक संकलनका निम्ति तथ्यांक स्रोतको रुपमा संरचित पद्धति अनुरुप कार्यशाला अवधिमा भएका छलफल र नगरपालिकामा उपलब्ध वित्तिय तथ्यांक पुस्तिका र डिजिटल तथ्यांक नै प्रमुख रह्यो ।

- **प्राथमिक श्रोत**
  - खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) अनुसारको वित्तिय प्रावधानहरु (हरेक संभागको निम्ति वित्तिय आवश्यकता)
  - बजेट बिनियोजनको अवस्था (कर, महसूल, वित्तिय हस्तान्तरण, स्व-लगानी र पुनर्भुक्तानी सहितको लगानीद्वारा पूर्ती गरिने वित्तिय विनियोजन)

- कार्यशालाको छलफल र मेटा-कार्ड विधिवाट प्राप्त परिणाम, जसवाट मौजुदा अवस्था र सवाल तथा वित्तिय स्रोतको अभाव आदीको गुणात्मक विश्लेषणमा मार्गदर्शन

- **द्वितियक स्रोत**

- खानेपानी, घरायसी सरसफाइ, विद्यालय (WinS), स्वास्थ संस्थाहरु (HCF)र सार्वजनिक स्थलहरु (PP) लगायतका वित्तिय खण्डिकरण सहितको संभागगत प्रतिवेदनहरु,
- अन्य क्षेत्रगत र सान्दर्भिक विभाग तथा शाखाहरुको तथ्यांकको विश्लेषण इत्यादी ।

**तथ्यांक प्रशोधनः**

सङ्कलित तथ्यांकको प्रभावकारी विश्लेषणका निम्ति प्रकृयागत रुपमा तालिकिकरण गरियो । प्रमुख प्रकृयाहरु निम्नानुसारका रहे;

- हरेक संभावित वित्तिय स्रोत सम्वन्धि तथ्यांकको विभाजन (कर, महसूल, वित्तिय हस्तान्तरण, स्व-लगानि र पुनर्भुक्तानी सहितको लगानी)
- संभागगतवर्गीकरणः
  - खानेपानी
  - घरायसी सरसफाइ
  - विद्यालय (WinS)
  - स्वास्थ संस्थाहरु (HCF)
  - सार्वजनिक स्थलहरु (PP)

आवश्यक कूल लगानी रकम सहित नगरपालिकाको वर्तमान बजेट विनियोजनको अवस्थाको पहिचान जसवाट बजेट घाटा र लगानीमा हुने अपुग (funding gaps) को पहिचान गरियो ।

***Table 1: Data processing summary table***

| क.सं. | तथ्यांकको प्रकार | तथ्यांक स्रोत | प्रमुख सरोकार |
|---|---|---|---|
| १ | कर | नगरपालिकाको वित्तिय स्रोत विनियोजन तथा व्यवस्थापन सम्वन्धि प्रणाली\ अभिलेख (स्थानीय संचित कोष व्यवस्थापन प्रणाली- SuTRA) | अपर्याप्त तथ्यांक र उचित राजस्व क्षेत्र पहिचानको अभाव |
| २ | महसूल | खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको अभिलेख र महसूलको दर; घरधुरी र मिटर सम्वन्धि तथ्यांक | •मिटर विहिन छरिएर रहेका अव्यवस्थित सामुदायिक योजना<br>•महसूल भूक्तानीमा अनिच्छा र प्रमुख कार्यसंपादन सूचक (KPI) सम्वन्धि सम्वन्धि सचेतनाको अभाव<br>•सेवा प्रणालीहरुमा संरचित व्यवसायिक योजनाको अभाव |

| | | | |
|---|---|---|---|
| ३ | वित्तिय हस्तान्तरण | संघीय र प्रादेशिक सरकारहरुको वित्तिय व्यवस्थापन प्रणाली | प्राथमिकता विहिन खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्र |
| ४ | स्व-लगानी \ स्व-आपूर्ती | अंकगणीतिय अनुमानको भरमा अवस्थाको विश्लेषण भइरहेको | तथ्यांकको भरपर्दो स्रोत नरहेको |

**तथ्यांक विश्लेषणः**

प्राप्त र संकलित तथ्यांकको माध्यमद्वारा अर्थपूर्ण निष्कर्षको निम्ति निम्न अनुसारका विश्लेषण प्रकृया अवलम्वन गरियो ।

- **अभाव (अन्तर) विश्लेषण (Gap Analysis)** :कूल आवश्यक वित्तिय लगानीर विनियोजीत लगानी विचको तुलनाद्वारा संभागगत वित्तिय अभावको पहिचान
- **अवस्था (प्रवृत्ती) विश्लेषण(Trend Analysis)** : संभागगत वार्षिक वित्तिय प्रवाहको अध्ययनद्वारा बजेट विनियोजन र वित्तिय लगानिको ढाँचा वुझ्न सहज
- **निर्भरता विश्लेषण (Dependency Analysis)**: विकल्परहित (केवल एकमात्र) लगानी श्रोत रहेको वास संभागको पहिचान (उदाहरणको लागिः घरायसी सरसफाइमा लगानी स्रोत केवल स्व-लगानी मात्र)
- **कार्याशालामा भएको छलफल परिणामको एकिकरण (Workshop Findings Integration)**:कार्याशालामा भएको छलफलको परिणाम (मेटाकार्ड, छलफलको टिपोट आदी) लाई संख्यात्मक तथ्यांकसंग तुलना र मिलान गरि महत्वपूर्ण मुद्दा र विषयवस्तुहरुको पहिचान; उदाहरणको लागि महसूल उठतिमा रहेको समस्या, हस्तान्तरीत बजेटको न्यून सदुपयोग र सरोकारवालहरु विचको समन्वयको अभाव)

**पहिचान भएका मुख्य सरोकारहरु**

**१. संभागगत वित्तिय अन्तर (अपुग)**

- खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)क्षेत्रमा लगानी स्रोतको निकै ठूलो अभाव रहेको छ । विसेष गरि घरायसी सरसफाइ र स्वास्थ संस्थाहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) लगानी कमजोर छ ।
- वित्तिय हस्तान्तरण र कर लगायतका वित्तिय श्रोतहरु नै प्रभावशाली वित्तिय स्रोत रहेका छन् जवकी स्व-लगानी र महसुल अत्यन्तै निम्न स्रोतको रुपमा छन् ।

**२. शिवराज नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) वमोजिमको वित्तिय स्रोत आवश्यकता तथा प्रत्येक वर्षको बजेट विनियोजन विश्लेषण**

- विगत वर्षहरुको बजेट विनियोजनको अवस्था अत्यन्तै असमान चरित्रको देखियो, कुनै आर्थिक वर्षमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमा विशेष रुपमा बजेट बिनियोजन भएको देखिन्छ भने कुनै वर्षहरुमा न्यून देखिन्छ ।
- खानेपानी क्षेत्रमा लगानीको आवश्यकता समान प्रकृतिको छ भने सर्वजनिक स्थलहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधा र प्रणालीको निम्ति अत्यन्त न्यून बजेट विनियोजन देखिन्छ ।

## ३. क्षेत्रगत परिदृश्यः संभागगत विश्लेषण

- खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत संभागहरुमध्ये खानेपानी संभागमा अधिकतम लगानीको आवश्यकता रहेको देखिन्छ भने विसेष गरि विध्यालय र स्वास्थ संस्थाहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) लगानी कमजोर छ ।
- समुदाय र घरधुरीस्तरको वित्तिय लगानी केवल स्व-लगानीमा मात्र भर परेको छ जुन आँफैमा दिगो हुन सक्दैन ।

तथ्यांकको आधारमा केही अतिरिक्त व्याख्यात्मक विश्लेषण निम्नानुसार रहेको छ ।

क) नगरपालिका तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) मा महसुल उठति (संकलन) वाट प्राप्त हुने रकमबाट सरसफाइ र विध्यालय तथा स्वास्थ संस्थाहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधाहरुको निम्ति गरिने लगानीको निम्ति कुनै प्रस्ताव गरिएको छैन । सरसफाइको निम्ति करबाट उठ्ने रकमबाट गरिने लगानी प्रस्ताव पनि पर्याप्त छैन । यसवाट के स्पष्ट हुन्छ भने नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) तर्जुमा गर्दा यसका निम्ति आवश्यक स्पष्ट वित्तिय रणनीतितर्फ ध्यान पुग्न सकेन । त्यसैले, सर्वप्रथम सो खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) को अविलम्व अध्याबधिक गरिनु जरुरी छ । अध्यावधिक गरिंदा वास्तविक वित्तिय लगानीका प्रावधानहरुमा पुनरावलोकन गरि आवश्यकताको आधारमा लगानी प्रस्ताव मिलान गर्न सकिन्छ । तत्कालका निम्ति कार्य-योजना सहित उच्च प्राथमिकताका साथ वित्तीय लगानी सम्बन्धि विज्ञहरुसंगको परामर्शमा यो कार्य गर्न सकिन्छ । मुख्य रणनीतिको तालिका (strategy matrix) मा यो कृयाकलापलाई प्रमुखताका साथ उल्लेख गरिएको छ ।







*Figure 2Financing Stream Vs. Sector*


ख) मौजुदा बजेट विनियोजनको (Business-as-Usual; BAU) चरित्र विश्लेषण गर्दा के थाहा हुन्छ भने नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान)मा तर्जुमा भए अनुरुपको वित्तिय आवश्यकताको ५०% भन्दा कम मात्र वर्तमान तहको खर्च विनियोजनको अवस्था रहेको छ । यो तथ्यले के देखाउँछ भने अव नगरपालिकाले अन्य उपलव्ध वित्तिय विकल्पहरुको खोजी गर्नु आवश्यक छ । यदि माथि भनिए अनुरुपको ठूलो आकारको वित्तिय खाडल (आवश्यक लगानी र उपलव्ध हुन सक्ने लगानी विचको अन्तर) पूर्ति गर्न सकिएन भने नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान)को प्रभावकारी कार्यान्वयनमा वाधा पर्न जाने स्पष्ट देखिन्छ । प्रारम्भिक वर्षहरुमा वित्तिय लगानीको आवश्यकता निकै ठूलो रहन्छ भने पछिल्ला वर्षहरुमा यो आकार घट्दै जान्छ । खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान)को तत्काल अद्यावधिक गर्दा नगरपालिकाले उच्च प्राथमिकताका आयोजनाहरुमा वित्तिय लगानीका अवसरहरु सहित बजेट विनियोजनमा विगत वर्षहरुमा भन्दा फरक तरिकाले समानर स्थीर प्रकृतिको हुनु आवश्यक देखिन्छ । शिवराज नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगतआवश्यक लगानी र उपलव्ध हुन सक्ने लगानी विचको अन्तर (वित्तिय खाडल)को अवस्था तलको रेखाचित्रले स्पष्ट रुपमा दृश्यात्मक प्रस्तुती गरेको छ ।


**Total WASH in Municipality Cost Component**








**Total Water Supply System Cost Components**




## आवश्यक लगानी





**६६%**


**लगानी सुरक्षित व्यवस्थापन गरीएको खानेपानी सेवा प्राप्त गर्न निर्माण कार्यको निम्ति पूँजीगत खर्च (CapEx) को रूपमा आवश्यक छ जुन करिव रु. ९५,०५,४६,५०० पर्न आउँछ।**

### Total Sanitation Cost Components




# सरसफाइ सेवा सुविधा





## आवश्यक लगानी


**४७%**

लगानी सुरक्षित व्यवस्थापन गरीएको सरसफाइ सेवा प्राप्त गर्न निर्माण कार्यको निम्ति पूँजीगत खर्च (CapEx) को रूपमा आवश्यक छ जुन करिव रु. ७३,१३,९३,७०३ हुन आउँछ।





## Total Wash in HCF Cost Components




## Total Wash in School Cost Components





**आवश्यक लगानी**


**६२.५%**


**लगानी उन्नत सेवा स्थिति प्राप्त गर्न सञ्चालन र सामान्य मर्मत खर्च (OpEx) को रूपमा आवश्यक छ जुन करिव रु. २९,७५,३५,२०६ हुन आउँछ ।**








## Total Wash in Public Place Cost Components




## आवश्यक लगानी




**५५.४%**

**लगानी सार्वजनिक शौचालयको निर्माण कार्यको निम्ति पूँजीगत खर्च (CapEx) को रुपमा आवश्यक छ जुन करिव रु. १,०८,००,००० हुन आउँछ ।**

## खानेपानी सेवा सुविधा




**७८%**


**जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानी उपलब्ध छ**

ग) माथि प्रस्तुत रेखचित्रले दर्शाए बमोजिम सवै खालको वितिय धार (financing streams)मा आवश्यक र उपलब्ध (प्रक्षेपित पनि) स्रोत र साधन विचमा उल्लेख्य अन्तर (वित्तिय खाडल) पत्ता लाग्दछ । जसवाट रणनैतिक रुपमा वित्तिय योजनाको तत्काल आवश्यकता बोध हुन्छ । यी विषयहरुलाई संवोधन गर्नका निम्ति नगरपालिकाले विविध प्रकारका स्रोत र साधन तथा वित्तिय विकल्पहरु वारे सकृय रुपमा काम गर्नु आवश्यक देखिन्छ । वित्तिय विकल्पहरुमा कर तथा महसूलको माध्यमवाट स्थानीय राजस्वमा बृद्दी गर्न सकिन्छ । त्यसै गरि वाह्य दातृ निकाय र संघीय तथा प्रादेशिक सरकारवाट प्राप्त हुने सहयोग र अनुदानबाट अधिकतम लाभ लिइ खानेपानी,

सरसफाइ तथा स्वच्छता क्षेत्रमा लगानी वढाउन सकिन्छ । यसवाहेक नविनतम र प्रवर्तनकारी लगानी अवसरहरुको खोजी र नीजि लगानीका निम्ति लगानी मैत्री वातावरण तयार गरि त्यस्ता खालका लगानीहरु यस क्षेत्रमा आकर्षित गर्न सकिन्छ ।

तत्कालीन सुधारात्मक उपायको रुपमा मौजुदा स्रोतहरुको अधिकतम उपयोग र स्रोत र शाधनको समुचित वितरण असक्षमतालाई न्यूनीकरण गर्नु हो । यस प्रतिवेदनको खण्ड ६ मा उल्लेखित मुख्य रणनीतिको तालिका (strategy matrix) ले यो प्रकृया र कृयाकलापहरुमा प्रमुख उपकरणको रुपमा मार्गदर्शन गर्दछ । यसवाट नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) ले प्रथमिकतामा राखेका क्रियाकलापहरुमा वित्तिय लगानीका सुस्पष्ट अवसरहरुको बृद्धि हुन्छ । यहाँ प्रस्तुत गरिएका कार्य-योजना अनुरुपका विधि र प्रकृयालाई दृढताका साथ पालन गरिएमा शिवराज गरपालिकाको स्थानीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) को सफल कार्यान्वयनको सुनिश्चितता प्रदान हुने र वित्तिय खाडल (आवश्यक लगानी र उपलव्ध हुन सक्ने लगानी विचको अन्तर)को पूर्ति हुने सुनिश्चितता प्राप्त गर्न सकिन्छ ।

## खासस्वको लागि कुल लगानी आवश्यकता




तलको रेखाचित्रले विविध वित्तिय स्रोत, वित्तिय धार(financing streams) र विकल्पहरु विचको विसंगत अवस्थाको स्पष्ट चित्रण गरेको छ ।

| स्वलगानी बाट आगामी दश वर्षका लागि गरिएकोप्रक्षेपण -रकम रु लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष | हाल | पहिलो | दाश्रो | तेश्रो | चौथो | पाँचौ | छैठौ | सातौं | आठौं | नवौं | दशौ |
| उपलब्धता | २३.४० | २९.२५ | ३२.१८ | ३५.३९ | ३८.९३ | ४२.८२ | ४७.११ | ५१.८२ | ५७.०० | ६२.७० | ६८.९७ |
| आवश्यकता | २९.२५ | ३६.५६ | ४०.२२ | ४४.२४ | ४८.६६ | ५३.५३ | ५८.८८ | ६४.७७ | ७१.२५ | ७८.३७ | ८६.२१ |

श्रोतः विगताका वर्षका आलेप प्रतिवेदनलाइ आधार मानी आन्तरिक आयको १० प्रतिशत प्रत्येक वर्ष १० प्रतिशतले बृदि हुने अनुमानका आधारमा गरिएको प्रक्षेपण






***Figure 3 Gap (Self Supply)***

घ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा स्व-आपूर्ती वा स्व-लगानीका तथ्यांकको प्राप्ती र विश्लेषण गर्नका निम्ति हालसम्म कुनै विश्वसनीय संयन्त्र उपलब्ध रहेको देखिदैन । माथि प्रस्तुत गरिएका यस सम्बन्धि सबै तथ्यांक अनुमानित मात्र हुन् जसमा सरदर ४०% जति खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) मा उल्लेख भएका क्रियाकलापहरु सफल कार्यान्वयन हुन सक्नेछन् भनि सुनिस्चितता गर्न सकिन्छ किनभने त्यसको निम्ति स्व-लगानी या स्व-आपूर्तिको व्यवस्था गरिएको छ । तर पनि, स्व-लगानी सम्बन्धि विश्वसनिय तथ्यांकको निम्ति बलियो प्रणालीको विकास गरिनु आवश्यक छ ।

उप-क्षेत्रहरू अनुसारको लगानी




**पाँच खासस्व सेवाहरू मध्ये, सामुदायिक खानेपानी र सरसफाइमा कुल लगानीको ठूलो हिस्सा (८४.७%) आवश्यक देखिन्छ।**

यसवाहेक, नगरपालिका भित्रका सबै खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत सम्पति गणना, अभिलेख र व्यवस्थापनका निम्ति स्तरीय डिजाइन खाका र निर्देशिका तयार गर्न पनि नगरपालिकाले पहल गर्नु आवश्यक देखिन्छ । यसवाट नगरपालिका भित्र स्व-लगानी वा स्व-आपूर्ती मार्फत खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमा रहेको योगदानको मूल्यांकन गरि

आगामी दिनहरुमा सो को प्रभावकारी नियमन तथा कार्यान्वयन संयन्त्र स्थापना गर्न मदत पुग्नेछ । यसको मतलव नगरपालिकाले स्व-लगानीको अभिबृद्धि गर्ने वा स्व-लगानीलाई प्राथमिकता राख्ने नभइ यसलाई कसरी महसुल आधारित पद्दतीमा रुपान्तरण गर्ने भन्ने सवाल प्रमुख हो । यसको निम्ति शिवराज नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत लगानीमा स्व-लगानी र महसुल सम्बन्धि प्रावधानहरुको विचमा अन्तरसम्बन्ध कायम राख्न एक सुदृढ रणनैतिक खाकाको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

**विभिन्न श्रोतका आन्तरिक शुल्कबाट आगामी दश वर्षकालागि गरिएको प्रक्षेपण -रकम रु लाखमा)**

| वर्ष | हाल | पहिलो | दाश्रो | तेश्रो | चौथो | पाँचौ | छैठौ | सातौं | आठौं | नवौं | दशौ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपलब्धता | २९.०० | ३१.९० | ३५.०९ | ३८.६० | ४२.४६ | ४६.७० | ५१.३८ | ५६.५१ | ६२.१६ | ६८.३८ | ७५.२२ |
| आवश्यकता | ३६.२५ | ३९.८८ | ४३.८६ | ४८.२५ | ५३.०७ | ५८.३८ | ६४.२२ | ७०.६४ | ७७.७१ | ८५.४८ | ९४.०२ |

श्रोतः विगताका वर्षका आलेप प्रतिवेदनलाइ आधार मानी १० प्रतिशतको प्रत्येक वर्ष १० प्रतिशतले बृदि हुने अनुमानका आधारमा गरिएको प्रक्षेपण





***Figure 4 Gap (tariff)***

ङ) माथि उल्लेख गरिएजस्तै नगरपलिकासंग खानेपानी वा सरसफाइ महसुल निर्धारण वा गणना सम्वन्धि कुनै किसिमको प्रभावकारी संयन्त्र रहेको छैन । खानेपानी वा सरसफाइ सेवा प्रदायक अथवा प्रणाली संचालकहरुसंग कुनै किसिमको व्यवसायिक योजना पनि रहेको देखिन्न, जुन सेवास्तर बृद्धि र प्रभावकारितामा सुधारका निम्ति अत्यन्त आवश्यक रहन्छ । यसैगरि सेवा प्रदायक वा संचालकहरु खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रवाहको प्रमुख कार्यसंपादन सूचकहरु (key performance indicators- KPIs) वारे पनि अनभिज्ञ देखिन्छन् जसवाट दिगो सेवा प्रवाह र सुधारका अवसरहरु प्राप्त हुन कठिनाइ हुने देखिन्छ ।

| विभिन्न श्रोतका आन्तरिक करबाट आगामी दश वर्षकालागि गरिएको प्रक्षेपण -रकम रु लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष | हाल | पहिलो | दाश्रो | तेश्रो | चौथो | पाँचौ | छैठौ | सातौं | आठौं | नवौं | दशौ |
| उपलब्धता | ११.०० | १३.७५ | १५.१३ | १६.६४ | १८.३० | २०.१३ | २२.१४ | २४.३६ | २६.७९ | २९.४७ | ३२.४२ |
| आवश्यकता | १३.७५ | १७.१९ | १८.९१ | २०.८० | २२.८८ | २५.१६ | २७.६८ | ३०.४५ | ३३.४९ | ३६.८४ | ४०.५३ |

श्रोतः विगताका वर्षका आलेप प्रतिवेदनलाइ आधार मानी १० प्रतिशतको प्रत्येक वर्ष १० प्रतिशतले बृदि हुने अनुमानका आधारमा गरिएको प्रक्षेपण





***Figure 5 Gap (Tax)***

च) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकासमा शिवराज नगरपालिकाको कोषवाट हुन सक्ने लगानीको अवस्था अध्ययन गर्दा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) वमोजिमको कार्यक्रम र आयोजनाको लागि आवश्यक प्रक्षेपित रकम र नगरपालिकासंग उपलव्ध रकमका विच गहिरो खाडल (अन्तर) देखिन्छ । यो खाडल पुर्न या अन्तर पूर्ति गर्नका निम्ति अन्य क्षेत्रवाट हुन सक्ने लगानी आकर्षित गर्न सक्ने संयन्त्रको आवश्यकता देखिन्छ । उदाहरणको लागि, नगरपालिकामा उपलब्ध लैंगिक समानता र सामाजिक समावेशिकरण (GEDSI) क्रियाकलापहरुका निम्ति विनियोजित बजेट महिलाहरुका लागि प्लम्बिङ्ग, सिलाई कटाई तालिम प्रदान गर्न वा सेवा प्रदायक संस्था तथा सेवा प्रणाली संचालक संस्थाहरुलाई यस्तै प्रकारको तालीम प्रदान गर्न सक्ने कंपनी स्थापनाका निम्ति उपयोगगर्न सकिन्छ । त्यसैगरि शिक्षा, स्वास्थ्य, पोषण र बन क्षेत्रको कोष खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अनुरुपका अन्तर्क्षेत्रीय (Intersectoral) महत्वका आयोजनाहरुमा उपयोग हुने गरि विनियोजन गर्न सकिन्छ ।यसका लागि नगरपालिकाको विषयगत समितिहरु र विषयगत शाखाहरु विच संयुक्त परामर्श जरुरी छ, जसवाट उपलव्ध स्रोत तथा संशाधनहरुको अधिकतम उपयोग गर्न सकिनेछ । स्रोतको अधिकतम उपयोग गर्ने गरि तयार गरिने यस्तो रणनीतिले माथि उल्लेखित वित्तिय खाडल पूर्ती

गर्न सहायक सिद्ध हुन सक्छ । यस प्रतिवेदनको खण्ड ६ मा उल्लेखित मुख्य रणनीतिको तालिका (strategy matrix) मा यो अवधारणा समावेश गरिएको छ ।

**विभिन्न श्रोतका बाट आगामी दश वर्षका लागि गरिएकोप्रक्षेपण -रकम रु लाखमा)**

| वर्ष | हाल | पहिलो | दाश्रो | तेश्रो | चौथो | पाँचौ | छैठौ | सातौं | आठौं | नवौं | दशौ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपलब्धता | 63.4 | 74.9 | 82.4 | 90.6 | 99.7 | 109.7 | 120.6 | 132.7 | 146.0 | 160.6 | 176.6 | १२५७.११ |
| आवश्यकता | 79.3 | 93.6 | 103.0 | 113.3 | 124.6 | 137.1 | 150.8 | 165.9 | 182.4 | 200.7 | 220.8 | १५७१.३९ |
| संघ तथा प्रदेश | 176.9 | 265.35 | 398.03 | 597.04 | 955.26 | 1528.4 | 2445.5 | 3423.7 | 5477.8 | 7669 | 9623.5 | ३२५६०.४१ |
| जम्मा | | | | | | | | | | | | ३५३८८.९१ |





***Figure 6 Gap (Transfer)***

छ) नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) अध्ययन गर्दा संघीय तथा प्रादेशिक सरकार र विकास साझेदारहरुवाट हस्तान्तरण भएर नगरपालिकालाई प्राप्त हुने अनुदान रकममा अधिकतम आश्रित रहेको देखिन्छ । यसो हुँदा पनि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान)ले अपेक्षा गरेको लगानी रकम र नगरपालिकासंग अनुदानमा प्राप्त हुने लगानी रकमको विचमा ठूलो अन्तर छ । नगरपालिकालाई संघ र प्रदेशवाट यो क्षेत्रमा अनुदानमा प्राप्त हुने रकमको सीमा र सो सम्वन्धि तथ्यांकको वारेमा सचेतना र जानकारी नरहेको देखिन्छ । त्यसैगरि संघ, प्रदेश र नगरपालिका तह विच वित्तिय लगानी सम्वन्धि सहकार्य र समन्वयका निम्ति कुनै किसिमको स्थापित संयन्त्रको पनि अभाव देखिन्छ ।

ज) माथि उल्लेखित सवै प्रकारका वित्तिय लगानीका मुद्दा र सवालहरुलाई संवोधन गर्न नगरपलिकाले विभिन्न स्रोतहरु उपयोग गर्न सक्ने गरि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) अनुरुपको लगानी प्रवाहको निम्ति अत्यन्त सक्रिय भूमिकाका साथ लाग्नु पर्ने देखिन्छ । यसो गरेमा समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमा लगानीका निम्ति वृहत् संभावनाहरु उजागर हुन सक्नेछ । फलस्वरुप नगरपालिकाको योजना क्षमता र प्रभावकारितामा पनि बृद्धि हुन सक्नेछ । यसका लागि, नगरपालिकाले अन्तरसरकारी संवादको पहल गर्न सक्नेछ साथै सक्रियताका साथ छलफल र पैरवी पनि गर्न सक्नेछ । छलफल र पैरवीका निम्ति नेपाल नगरपालिका संघ जस्तो साझा र आधिकारिक मंचको प्रयोग गर्नु उपयुक्त हुनेछ ।

झ) हस्तान्तरणवाट प्राप्त हुने अनुदान रकमलाई वढि भन्दा आकर्षित गर्नका निम्ति नगरपालिकाले आफ्नो क्षेत्रभित्रको मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास) अवस्था चित्रण हुने र लगानी आवश्यकता झल्कने गरि छोटो अध्यावधिक प्रतिवेदन पुस्तिका (status reports)तयार गर्न सक्दछ । यस्ता पुस्तिकाहरु विकास साझेदार, गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु विच व्यापक मात्रामा वितरण गरि लगानी प्रस्ताव गर्न सक्दछ । यसै गरि नगरपालिकाले समाज कल्याण परिषद जस्ता राष्ट्रिय निकायहरु मार्फत गैर सरकारी तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरुको सहयोग कोष खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) अनुरुपका आयोजनाहरुमा लगानी गर्ने गरि सहयोगका लागि अनुरोध गर्न सक्दछ । यी सवै प्रयासहरुलाई सहजिकरणका लागि नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) अनुरुपका आयोजनाहरुमा लगानी आकर्षित गर्न सक्ने वृहत संयन्त्र स्थापना गर्नु प्रमुख आवश्यकता देखिन्छ ।

**दिगो विकासका लक्ष्य अनुरुप सुरक्षित व्यवस्थापनगरिएको खानेपानी तथा सरसफाइ तर्फ गरिएको प्रक्षेपण (रकम रु लाखमा)**

| खानेपानी तथा सरसफाइ तर्फ | हाल | पहिलो | दाश्रो | तेश्रो | चौथो | पाँचौ | छैठौ | सातौं | आठौं | नवौं | दशौ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विभिन्नश्रोत बाट | २३४.५ | १८२.१ | २०१.२ | १९५.५ | २११.७ | २१३.१ | १८३.५ | १६०.५ | २०३.५ | २०९.८ | १४८.२ | २१४३.६ |
| न.पा.बाट | ७३.४ | ६५.२ | ७१.६ | ७१.६ | ७५.४ | ७६.८ | ७९.६ | ८२.३ | ८५.१ | ८८. | ९१. | ८६०. |

**५. निष्कर्ष**


वित्तिय रणनीति तर्जुमाका निम्ति गरिएको अध्ययनको निष्कर्षहरु संक्षेपमा तल उल्लेख गरिएका छन् ।

| आयका किसिम | निष्कर्ष | तथ्यांकद्वारा पुष्टी |
|---|---|---|

| | | |
|---|---|---|
| कर (Tax) | ▪ सिमित बजेट विनियोजन; आवश्यकताको ७०-८०% मात्र पूर्ती हुने गरि बजेट व्यवस्था<br>▪ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) आवश्यकता र बजेट विनियोजनको प्राथमिकतामा मेल नरहेको | ○ खानेपानीको निम्ति बजेट आवश्यकताः ३ अर्ब ३८ करोड जवकि सो का लागि कर मार्फत विनियोजन जम्मा जम्मा १० वर्षका लागि प्रक्षेपण गरिएको १२.५७ करोड (०.३७%)<br>○ स्वास्थ संस्था (*HCF) को लागि कर मार्फत लगानी योगदान ७३ करोड १३ लाख, आवश्यकता भन्दा उल्लेख्य मात्रामा कम* |
| महसुल (Tariff) | ▪ खानेपानीको मिटर जडान नभएको कारणवाट महसुल उठतीमा व्यापक कमी<br>▪ समुदायमा मिटर जडान गर्न अनिच्छा<br>▪ अव्यवस्थित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु, समितिको सिमित क्षमता र कार्य संपादन सूचकहरु (KPIs) सम्वन्धि ज्ञानको कमी | ○ खानेपानी सेवा प्रवाहवाट उठ्ने महसुल २ करोड ३० लाख जुन कूल लागत ९५.०५करोडको जम्मा २.४२% मात्र हुन आउँछ ।<br>○ सरसफाइमा उठ्ने महसुलः ० (शुन्य), जसवाट लगानी पूर्तीको ठुलो अन्तर स्पष्ट देखिन्छ । |
| वित्तिय हस्तान्तरण (Transfer) | • नगरपालिकाले हालसम्म नेपाल नगरपालिका संघ लगयात दातृ निकायहरुका लागि कुनै किसिमको संरचित प्रस्तावपत्र तयार नगरेको<br>• संघीय र प्रादेशिक बजेट विनियोजनमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवा क्षेत्रलाई कम प्राथमिकता<br>• नगरपालिकामा उपलब्ध हुन सक्ने शिक्षा र स्वास्थ्य क्षेत्रको लागि विनियोजित बजेट खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमा उपयोग गर्न सक्ने गरि कुनै किसिमको पहल नभएको; टुक्रे बजेटका कारण कुनै पनि क्षेत्रमा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने | - वित्तिय हस्तान्तरण मार्फत खानेपानीको लागि प्रक्षेपण गरिएको ५ करोड ३७ लाख, जवकि आवश्यकता ८९ करोड ६८ लाख देखिन्छ ।<br>- विध्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता (WinS) का लागि वित्तिय हस्तान्तरण मार्फत प्रक्षेपण गरिएको ४ करोड ८९ लाख जवकि आवश्यकता २९ करोड ७५ लाखको देखिन्छ; जुन आवश्यकताको तुलनामा अत्यन्त न्यून विनियोजन हो । |

| | | |
|---|---|---|
| स्व-आपूर्ती \ स्व-लगानी (Self-supply) | ▪ स्व-आपूर्ती वा स्व-लगानी सम्वन्धि लगानी मोडेलको ग्रामिण क्षेत्रमा सिमित वुझाइ र जागरुकता<br>▪ समुदाय र घरधुरीले स्व-आपूर्ती वा स्व-लगानीद्वारा लगानी पूर्ती गर्न सक्ने क्षमता कम रहेको<br>▪ स्व-आपूर्ती वा स्व-लगानीको संभावना वृद्धिका लागि लाभकारी संरचना नरहेको | - घरधुरीहरुमा स्व-आपूर्ती वा स्व-लगानीद्वारा खर्च गरिएको गणना ४ करोड ८९ लाख आवश्कता प्रक्षेपित ४ करोड ८९ लाख घरधुरीहरुको लगानीमा करिव करिव आवश्यकता पूर्ती भएको देखिन्छ ।<br>- खानेपानीमा स्व-लगानी जम्मा प्रक्षेपित ७ करोड ६७ लाख देखिन्छ जुन अत्यन्त सिमित रुपमा रहेको स्पष्ट छ । |
| पुनर्भुक्तानी सहितको लगानी (Repayable Financing) | ▪ नगरपालिकाका जनप्रतिनिधिहरुमा पुनर्भुक्तानी सहितको लगानी संयन्त्रको खोजीमा अनभिज्ञता वा अनिच्छा<br>▪ जनमानसमा फोहोरमैलावाट उत्पादित पदार्थ प्रतिको पुरातन सोच जसले नवप्रवर्तनकारी लगानी अवसरलाई कुण्ठित बनाउँछ; उदाहरणको लागि बायोग्यास<br>▪ विषेष गरि ग्रामिण समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमा गरिने लगानीलाई व्यवसायिक संभावनाको दृष्टीवाट हेर्ने आत्मविश्वासमा कमी | - हालसम्म विध्यालय (WinS), स्वास्थ्य संस्था (HCF) सहित सवैजसो समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) उप-क्षेत्रहरुमा पुनर्भुक्तानी सहितको लगानी (Repayable Financing) शून्य रहेको देखिन्छ; जसवाट ऋण वा ऋणजन्य विकल्पहरुद्वारा हुन सक्ने लगानीको प्रगति पनि शून्य नै हुने स्पष्ट छ । |

## स्वास्थ्य संस्थामा खासस्व सुविधा




**औसतमा, १५ स्वास्थ्य संस्थाहरू मध्ये १३ वटामा खासस्व सेवाहरू छैनन्।**

आवश्यक लगानी

**६६.३%**

**लगानी उन्नत सेवा स्थिति प्राप्त गर्न सञ्चालन र सामान्य मर्मत खर्च (OpEx) को रूपमा आवश्यक छ जुन करिव रु. ३,०९,६९,२५५ हुन आउँछ।**



**६. वित्तिय रणनीति**

| **शिर्षक** **Strategy Headings** | **रणनीतिहरु** **Strategies** | **कार्यान्वयन निर्देश \ कार्य-योजना** **Implementation Guide/Work- plan** | **समयावधि** **Span of time (SML)** | **सदुपयोगको उच्च संभावना** **Leverage Potential (HML)** | **सदुपयोग क्षेत्र** **Leverage Area** | **प्रभावक्षेत्र** **Sector of Impact** | **Investment Type** |
|---|---|---|---|---|---|---|---|
| **सक्षम रणनीतिहरु** | खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) वारे सवैमा जानकारी; प्रसार अध्यावधिक | खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान)को व्यापक प्रसार सहित लक्ष्य र वित्तिय अन्तर (खाडल) वारे जानकारीका निम्ति नियमित रुपमा कार्यशाला गोष्ठी र बैठकहरुको आयोजना; सवै सरोकारवालाहरुलाई सो सम्वन्धि उपलब्धि समावेस भएको अध्यावधिक वास प्लान को संक्षिप्त र सरलीकृत पुस्तिका तयार गरि वितरण गर्ने | अल्पकालीन | ऊच्च | | सवै | |
| | आम्दानीका स्रोतहरु | • कर, उपभोक्तावाट संकलित शुल्क, | मध्यमकालीन | मध्यम | हस्तान्तरण | सवै | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दाताहरुवाट प्राप्त हुने अनुदान, र स्व-लगानी जस्ता संभाव्य राजस्वका स्रोतहरुको पहिचान;<br>• राजस्व परिचालन खाका तयार पारि त्यसको कार्यान्वयन अनुगमन | | | | | |
| | खर्च र लगानीको वर्गीकरण | • खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) अनुरुप खर्चहरुको वर्गीकरण (पूँजिगत निर्माण खर्च; पूँजीगत मरमत खर्च र पूँजीगत संचालन खर्च)<br>• उत्तम वित्तिय योजना र खर्चहरुको वर्गीकरणको भरपर्दो अभिलेख र तथ्यांक प्रणालीको (database) निर्माण तथा अनुगमन | अल्पकालीन | ऊच्च | | सवै | सवै |
| **खानेपानी, सरसफाइ तथा स्वच्छता** | नेपाल नगरपालिका संघ UNICEF संग राजनैतिक संवाद र पैरवी | • संघीय र प्रादेशिकस्तरका खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरुको प्राथमिकीकरणमा नेपाल | अल्पकालीन | ऊच्च | हस्तान्तरण | सवै | पूँजिगत निर्माण खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **(वास) क्षेत्र सम्वन्धि सचेतीकरण र पैरवी** | | नगरपालिका संघको संलग्नता<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत लगानीका निम्ति तथ्यांक द्वार पुष्टी सहितको प्रारम्भिक प्रस्तावहरुको पहल | | | | | |
| | दीर्घकालीन प्रभाव पुष्टी हुने गरी संक्षिप्त झलक सहितको पुस्तिका | लगानी आवश्यकता झल्कने गरि समग्र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्र (समुदाय, विध्यालय, स्वास्थ संस्था, जलवायु उत्थानशिलता र लैंगिकता) समावेस हुने गरि संक्षिप्त तर आकर्षक पुस्तिका (flyers) तयार पार्ने र विकास साझेदार, दातृ निकाय तथा नीजि लगानीकर्ताहरुलाई वितरण गर्ने | मध्यमकालीन | मध्यम | हस्तान्तरण | सवै | पूँजिगत निर्माण खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लैंगिक समानता र सामाजिक समावेशिकरण (GESI) बजेट खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रका कार्यक्रमहरुसंग सामन्जस्य कायम गरि सदुपयोग गर्ने | नगरपालिकाको चालु खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत बजेट विनियोजनमा लैंगिक समानता र सामाजिक समावेशिकरण (GESI) सम्वन्धि नीति, सवाल र कार्यक्रमहरु संवोधन हुने गरि बजेटको मिलान सहित वास क्षेत्रमा सदुपयोग गर्ने; लैंगिक समानता र सामाजिक समावेशिकरण GESI केन्द्रीत संस्थाहरुसंग सहयोग र संलग्नता बृद्धि गर्ने | मध्यमकालीन | मध्यम | सवै | सवै | सवै |
| | स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धिका निम्ति ठोस जागरण (Triggering) | सार्वजनिक स्वास्थ्य क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) को महत्व र दीर्घकालिन प्रभाव सम्वन्धि स्वास्थ्य क्षेत्रका सरोकारवालाहरु संग सचेतनामूलक कार्यक्रमहरुको आयोजना | मध्यमकालीन | मध्यम | हस्तान्तरण | स्वास्थ्य संस्थाहरु (HCF) | पूँजिगत निर्माण खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य क्षेत्रको बजेटलाई नगरपालिकाको प्राथमिकता प्राप्त खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्रियाकलापहरुसंग सामन्जस्यता सहित सदुपयोग | | | | | |
| | नगरपालिका र उच्च संभावना सहितका लगानीकर्ताहरु विच संचार संयन्त्र | नगरपालिका र लगानीकर्ताहरु विच नियमित अन्तरसंवाद, अध्यावधिक र प्रस्तावना का निम्ति संचार संयन्त्र (online/offline platform) को व्यवस्था र नियमितता | मध्यमकालीन | ऊच्च | हस्तान्तरण | सवै | पूँजिगत निर्माण खर्च |
| | जलवायु बजेट सम्वन्धि सचेतना \जागरुकता | जलवायु परिवर्तन न्यूनिकरण अथवा उत्थानशिलता सम्वन्धि विनियोजित बजेट खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमा कसरी सदुपयोग गर्न सकिन्छ भन्नेवारे अभियान र कार्यशाला गोष्ठिहरुको आयोजना | मध्यमकालीन | मध्यम | कर तथा हस्तान्तरण | सवै | पूँजिगत निर्माण खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमा जलवायु उत्थानशिलताका कार्यक्रमहरुको उच्च प्रभावकारीता सहितको प्रस्ताव-पत्रहरुको तर्जुमा | | | | | |
| सेवा प्रवाह | खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवाबाट नगरपालिकामा उठ्ने महसूलको पहिचान र सटिक गणना | खानेपानी वितरणवाट प्राप्त हुने महसूल र वितरण खर्चको हिसाव, उपभोक्ताको क्रय क्षमता र यसको दीगोपन सम्वन्धमा अध्ययन गरि महसूल संकलन तथा निर्धारणका निम्ति स्पष्ट निर्देशीकाको सुनिश्चितता | मध्यमकालीन | ऊच्च | महसूल | खानेपानी | पूँजीगत मरमत खर्च |
| | महिलाहरुको सीप र क्षमता अभिबृद्धी सम्वन्धि तालिमवाट प्राप्त फाइदाहरुको समायोजन | • स्थानीय समुदायको अपनत्व र दीगोपनका निमित्त स्थानीय महिलाहरुलाई नै खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) प्रणालीहरुको संचालन र मरमत सम्वन्धि तालिम प्रदान | मध्यमकालीन | मध्यम | स्व-आपूर्ती \ स्व-लगानी | सवै | संचालन खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • यस्ता कार्यक्रमहरुको विस्तारका लागि प्रशिक्षक प्रशिक्षण तालिम पाठ्यक्रम (modules) को विकास | | | | | |
| | स्वास्थ्य संस्था र विध्यालयहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) प्रावधानहरुको निम्ति आवश्यक खर्चको गणना र खण्डीकरण | स्वास्थ्य संस्था र विध्यालयहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवा प्रदान गर्नका निम्ति आवश्यक खण्डीकृत खर्चको सही तथ्यांक आउने गरि अध्ययन गर्ने; लक्षित लगानी प्रस्तावको निम्ति सो तथ्यांक उपयोग गर्ने | अल्पकालीन | मध्यम | कर | स्वास्थ्य संस्थाहरु (Health Care Facilities) र विध्यालय वास | पूँजिगत निर्माण खर्च |
| | व्यवसाय योजना र परामर्श | • खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) उपभोक्ता समितिहरुलाई प्रणाली संचालनका निम्ति व्यवसाय योजना वनाउन सहयोग<br>• सरोकारवालाहरु र समितिहरुलाई सुधार, प्रगति अनुगमन र नियमित परामर्शमा सहजीकरण | मध्यमकालीन | ऊच्च | स्व-आपूर्ती \ स्व-लगानी | खानेपानी | पूँजीगत मरमत खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संचार | परदर्शी संचार र समझदारी | सबै सरोकारवालाहरुका निम्ति खर्च, लगानी र स्थानीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) को अध्यावधिक सूचना पारदर्शि रुपमा प्रवाह गर्नका लागि स्पष्ट संचार विधि (communication channels)को विकास र स्थापना | अल्पकालीन | मध्यम | कर | खानेपानी | संचालन खर्च |
| | लगानीकर्ताहरुसंगको समन्वय | स्थानीय खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) आयोजनाहरुमा हुने लगानीमा दोहोरोपन हटाउन र आवश्यक लगानी तथा उपलब्ध स्रोत विचको अन्तर कम गर्नका निम्ति दातृ निकाय, सरकारी संयन्त्र र नीजि लगानीकर्ताहरु विच नियमित रुपमा चौमासिक वैठकहरुको आयोजन | दीर्घकालिन | मध्यम | हस्तान्तरण | सबै | पूँजिगत निर्माण खर्च |
| | विकास साझेदार र दातृ | नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता | मध्यमकालीन | ऊच्च | हस्तान्तरण | सबै | पूँजिगत निर्माण खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निकायहरुसंगको संवाद | (वास) क्षेत्रगत आवश्यकता र लगानी प्राथमिकताहरु संवोधन हुने गरि विकास साझेदार र दातृ निकायहरुसंग नियमित अन्तरसंवाद कार्यक्रमहरुको अगुवाइ र पहल; विस्तृत प्रस्ताव तयारी र प्रस्तुती | | | | | |
| | वाणिज्य (व्यवसायिक) विकल्पमा छलफल (Discuss on Trade option) | • नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्र सम्बद्ध क्रियाकलापहरुमा आय-आर्जन र व्यवसायिक विकल्पहरु जोडि नयाँ खालको अभ्यासको पहल (उदाहरणको लागि बायो-ग्यास, चिया तथा खानेकुराको स्टल लगायत अन्य विकल्पहरु)<br>• संभाव्यता अध्ययन र अग्रगामी आयोजना (pilot project) को सुरुवात | दीर्घकालिन | मध्यम | स्व-आपूर्ती \ स्व-लगानी | खानेपानी र सरसफाइ | पूँजिगत निर्माण खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु र नगरपालिका विच नियमित वैठक र परामर्श | नगरपालिका र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु विच आयोजना कार्यान्वयन र अनुगमन तथा चुनौती पहिचान र समाधानका उपायहरुवारे छलफलका निम्ति नियमित बैठकहरुको संयोजन र सहजीकरण | दीर्घकालिन | मध्यम | • हस्तान्तरण<br>• कर | खानेपानी | • पूँजीगत मरमत खर्च<br>• संचालन खर्च |
| | तीनै तहको सरकारद्वारा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) र यसका प्राथमिकताहरुको पूर्ण परिपालना | नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) अनुरुपका प्राथमिकताहरु तथा संघीय र प्रादेशिक योजनाहरु विच तालमेलको सुनिश्चितता;<br>यसको परिपालनाको लागि औपचारिक रुपमा नीतिगत छलफल तथा अन्तरसंवाद सहित वहस  र पैरवी | अल्पकालीन | ऊच्च | कर | सवै | सवै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्व-लगानी अथवा स्व-आपूर्ती खानेपानी प्रणालीका निम्ति स्थानीय क्षमता अभिबृद्धिमा सहयोग | दीर्घकालीन दीगोपनको सुनिश्चितता हुने गरि स्व-लगानी अथवा स्व-आपूर्ती खानेपानी प्रणालीहरुको कार्यान्वयन, अनुगमन र व्यवस्थापनका निम्ति स्थनीय सरोकारवालाहरुको क्षमता अभिबृद्धि तालिम | मध्यमकालीन | मध्यम | स्व-आपूर्ती \ स्व-लगानी | खानेपानी | पूँजीगत मरमत खर्च |
| जलवायु र खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) | खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH)को निम्ति जलवायु कोष | सरकारी र अन्तर्राष्ट्रिय मंचहरु मार्फत प्राप्त हुन सक्ने जलवायु कोष र लगानी अवसरहरु को खोजी र पहुँच<br>खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) र जलवायु उत्थानशिलता केन्द्रीत प्रस्ताव-पत्रहरुको पहल र तयारी | दीर्घकालिन | ऊच्च | हस्तान्तरण | खानेपानी | पूँजिगत निर्माण खर्च |
| | जलवायु बजेट सम्वन्धि जागरण र सवेतना | एकिकृत खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) क्षेत्रगत लगानी र जलवायु | मध्यमकालीन | सवै | • हस्तान्तरण<br>• कर | खानेपानी | पूँजिगत निर्माण खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बजेट सम्वन्धि स्थानीय सरकारी निकाय र सरोकारवालाहरु विच चेतना अभिबृद्धिका निम्ति छलफल सत्रहरुको आयोजना; तथ्यांकमार्फत पुष्टी सहित यसका फाइदाहरु उल्लेख हुने गरि सरोकारवालाहरु विच व्यापक छलफल परामर्श | | | | | |

**७. संक्षिप्त सुझाव \ सिफारिस**


यस प्रतिवेदनको माथि खण्ड ६ मा उल्लेख गरिए अनुसारको कार्य-योजनाको पूर्ण परिपालन हुने गरि रणनीतिहरु प्रभावकारी रुपमा लागु हुने वातावरणका निम्ति नगरपालिकाले तत्काल कदम चाल्नु आवश्यक छ । योजनाबद्ध विधि सहित यस रणनीतिसंग तादात्म्य हुनेगरि नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) को कार्यन्वयन गर्न सकेमा सवैमा सुरक्षित खानेपानी र सरसफाइ सेवा प्रभावकारी रुपमा उपलव्ध गराउने लक्ष्य पुरा हुने सुनिश्चितता गर्न सकिन्छ ।


**८. उपसंहार \ निचोड**

शिवराज नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत चुनौतीहरुलाई संवोधन गर्ने गरि यो रणनीतिले वित्तिय दीगोपनका आधारहरु खडा गरेको छ । माथि उल्लेख गरिएका सुझाव र सिफारिसहरु कार्यान्वयन हुन सकेमा शिवराज नगरपालिका विध्यमान वित्तिय खाडल (financing gaps) पूर्ती गर्न सक्षम हुनेछ । यसवाट दिगो, सुदृढ र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवा प्रवाहको भरपर्दो संरचना तयार भै अन्य नगरपालिकाहरुमा विस्तार र प्रसारको ढोका खुल्ने विश्वास गर्न सकिन्छ ।



**Annex 1: Financing Strategy Manual (relevant excerpts).**



रङहरूको अर्थ:

| |
|---|
| अनुगमन प्रश्नहरू (शर्त सहितको) |
| विश्लेषण आवश्यक पर्ने प्रश्नहरू |
| व्याख्या गर्नु पर्ने प्रश्नहरू' |
| अनिवार्य प्रश्नहरू |

| थिम | प्रश्न / गतिविधि | प्रश्नकोड | प्रतिक्रिया प्रकार |
|---|---|---|---|
| | कर (TAX) | | |
| १. | के योजनाबद्ध वित्तीय आवश्यकताहरु र वास्तविक खर्च बीच अन्तर छ? | Q_Tax1 | हो/होइन |
| २. | यदि हो भने, अनुमानित प्रवृत्ति के हो, यसलाई कसरी कायम राख्न सकिन्छ? (कार्यशालामा छलफल हुने विषय) | Q_Tax1.1 | लेख्नु |
| ३. | के योजना बनाउँदा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना राम्रोसँग छलफल गरिएको थियो? | Q_Tax1.2 | हो/होइन |
| ४. | यदि हो भने, कसरी छलफल गरिएको थियो ? (प्रयोग गरिएको विधि) | Q_Tax1.2.1 | लेख्नु |
| ५. | के नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) कोषको लागि सबै सम्भावित कर स्रोतहरू अन्वेषण गरेको छ ? | Q_Tax1.3 | हो/होइन |
| ६. | यदि हो भने, के विकल्पहरू अन्वेषण गरिएका थिए ? | Q_tax1.3.1 | लेख्नु |
| ७. | यदि होइन भने, के विकल्पहरू उपयोग गर्न सकिन्छ ? | Q_tax1.3.2 | लेख्नु |
| ८. | विकल्पहरूको सूची स्पष्ट गरिने छ | Q_tax1.3.3 | सूची |
| ९. | उक्त सूचीबाट नगरपालिकाको सन्दर्भमा कुन विकल्पहरू व्यवहारिक छन् ? | Q_tax1.3.3 | लेख्नु |
| १०. | उत्तरको आधारमा विश्लेषण गरिनेछ र त्यस पछिका अनुगमन प्रश्नहरू मूल्याङ्कन गरिनेछन्। | | विश्लेषण |
| ११. | के त्यस्ता कर स्रोतहरू छन् जुन प्रयोग नभएको / कम प्रयोग भएको छन्र खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पहल तर्फ निर्देशित गर्न सकिन्छ ? | Q_tax1.3.4 | हो/होइन |

| | | | |
|---|---|---|---|
| १२. | के नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) OPEX सुधारका लागि GESI बजेटको उपयोगको बारेमा विचार गरेको छ ? | Q_tax1.3.5 | हो/होइन |
| १३. | के खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) CAPEX वाCAPMANEX कालागि (विशेष गरेर स्रोत संरक्षणको लागि) जलवायु बजेट प्रयोग गर्ने सम्भावना छ ? | Q_tax1.3.6 | हो/होइन |
| १४. | के खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पहलका लागि बजेट छुट्याउने छलफल भएको छ ? | Q_tax1.3.7 | हो/होइन |
| १५. | के खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पहलका लागि सार्वजनिक-निजी साझेदारीको सम्भावना अन्वेषण गरिएको छ ? | Q_tax1.3.8 | हो/होइन |
| १६. | खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) परियोजनाका लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय अनुदानको पहुँचमा सम्भावना छ ? | Q_tax1.3.9 | हो/होइन |
| १७. | के नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पहलका लागि बन्ध पत्र वा अन्यवित्तीय उपकरण जारी गर्ने विचार गरेको छ ? | Q_tax1.3.10 | हो/होइन |
| १८. | के वडातहका राजनीतिक नेताहरू खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना र यसको वित्तीय प्रभावका बारेमा पूर्णरूपमा सचेत छन् ? | Q_tax2 | हो/होइन |
| १९. | यदि हो भने, चेतनाको स्तर कस्तो छ ? (व्यक्तिगत वडा सदस्य सँग सोधेर) | Q_tax2.1 | लेख्नु |
| २०. | के खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) लगानीको प्रभावकारिता ट्र्याक गर्ने प्रणालीहरू छन् ? | Q_tax3 | हो/होइन |
| २१. | यदि उपलब्धछ भने, कस्तो प्रकारको संयन्त्र प्रयोग गरिएको छ ? | Q_tax3.1 | लेख्नु |
| | **शुल्क (TARIFF)** | | |
| १. | के शुल्कले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनामा रहेको सबै सञ्चालन खर्च समेटेको छ ? | Q_tariff1 | हो/होइन |

| | | | |
|---|---|---|---|
| २. | के शुल्कले हालको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पूर्वाधारको सबै सञ्चालन खर्च समेट्न सकेको छ ? | Q_tariff1.1 | हो/होइन |
| ३. | यदि हो भने, के यसले मर्मत सम्भार लागत पनि समेट्छ ? | Q_tariff1.1.1 | लेख्नु |
| ४. | यदि हो भने, के कुनै बचत (O&M कोष) छ ? | Q_tariff1.1.1.1 | लेख्नु |
| ५. | के प्रदर्शन सूचकांक) KPI) हरू शुल्कसँग जोडिएको छ ? | Q_tariff1.2 | हो/होइन |
| ६. | यदि हो भने, के प्रदर्शन सूचकांक) KPI) हरू शुल्कमा समावेश छन् ? | Q_tariff1.2.1 | लेख्नु |
| ७. | के सेवा प्रदायकसँग व्यवसायिक योजना रहेको छ ? | Q_tariff1.3 | हो/होइन |
| ८. | यदि हो भने, के कार्यान्वयन भइरहेको छ ? (कस्तो स्वरूपमा( | Q_tariff1.3.1 | लेख्नु |
| ९. | के सेवा प्रावधान सम्बन्धी कुनै व्यवस्था छ ? | Q_tariff3.1 | हो/होइन |
| १०. | यदि हो भने, कस्तो प्रावधानको व्यवस्था छ ? | Q_tariff3.1.1 | लेख्नु |
| ११. | के अनुमति (लाइसेन्स) सम्बन्धी व्यवस्था छ ? | Q_tariff4.1 | हो/होइन |
| १२. | यदि हो भने, कस्तो व्यवस्था छ ? | Q_tariff 4.1.1 | लेख्नु |
| १३. | के त्यहाँ नियामक प्रावधान छ? | Q_tariff5 | हो/होइन |
| १४. | यदि हो भने, कस्तो प्रावधान छ? | Q_tariff5.1 | लेख्नु |
| १५. | के नियामक संस्था र सेवा प्रदायकले सेवा प्रावधानको बारेमा छलफल गर्छन्? | Q_tariff6 | हो/होइन |
| | स्थानान्तरण | | |
| १. | नगरपालिकालाई खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) कोषको लागि उपलब्ध सबै स्थानान्तरण तरिकाहरूको बारेमा थाहा छ? | Q_TR1 | हो/होइन |
| २. | स्थानान्तरण तरिकाका उपलब्ध विकल्पहरू के के छन्? | Q_TR1.1 | लेख्नु |
| ३. | के खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) कोषको लागि जिम्मेवार व्यक्ति वा टोली छ? | Q_TR2 | हो/होइन |

| | | | |
|---|---|---|---|
| ४. | नगरपालिकाले गत वर्ष खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) परियोजनाको लागि राष्ट्रिय अनुदानको लागि आवेदन गरेको छ? | Q_TR3 | हो/होइन |
| ५. | नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पहलको लागि अन्तर सरकारी स्थानान्तरण प्राप्त-गरेको छ? | Q_TR4 | हो/होइन |
| ६. | खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) परियोजनाको लागि स्थानान्तरण कोष पहुँच गर्ने र प्रयोग गर्ने स्पष्ट दिशानिर्देशहरू छन्? | Q_TR5 | हो/होइन |
| ७. | नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पहलको लागि अन्य वित्तीय तरिकाहरूसँग स्थानान्तरण कोष मिश्रण गर्ने रणनीति छ? | Q_TR6 | हो/होइन |
| ८. | खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पहलको लागि प्रदर्शनआधारित स्थानान्तरण तरिकाहरू उपलब्ध छन्-? | Q_TR7 | हो/होइन |
| ९. | नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) परियोजनाको लागि अन्तर्राष्ट्रिय दाता कोषको अन्वेषण गरेको छ? | Q_TR8 | हो/होइन |
| १०. | नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पहलको लागि मिल्दो अनुदान प्राप्त गरेको छ? | Q_TR9 | हो/होइन |
| फिर्ता योग्य वित्त | | | |
| १ | खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमानगर विकास कोष (TDF) जस्ता संस्थाहरूको बारेमा तपाईंलाई थाहा छ? | Q_REPAY1 | हो/होइन |
| २. | तपाईंलाई यी संस्थाहरूको बारेमा के ज्ञान छ? | Q_REPAY1.1 | लेख्नु |
| ३. | तपाईंले कुन परियोजना क्रेडिट योग्य छन् र कुन छैनन् भनेर छुट्याउनुभएको छ? | Q_REPAY2 | हो/होइन |
| ५. | क्रेडिट योग्यता जाँचको विधि के हो? | Q_REPAY2.1 | लेख्नु |
| ६. | नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पूर्वाधार विकासको लागि कम ब्याज ऋणको-अन्वेषण गरेको छ? | Q_REPAY3 | हो/होइन |

| | | | |
|---|---|---|---|
| ७. | यसले कसरी अन्वेषण गरेको छ? | Q_REPAY3.1 | लेख्नु |
| ८. | खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) परियोजनाको लागि लिइएको कुनै पनि ऋणको लागि स्पष्ट फिर्ता रणनीति छ? | Q_REPAY4 | हो/होइन |
| ९. | के कुनै कागजात छ? | Q_REPAY4.1 | लेख्नु |
| | स्वआपूर्ति- | | |
| १. | स्वआपूर्ति समाधानको लागि नियमन उचित छ-? | Q_SS1 | हो/होइन |
| २. | कसरी? | Q_SS1.1 | लेख्नु |
| ३. | स्व आपूर्ति समाधानको लागि निगरानी आवृत्ति-निर्धारण गरिएको छ? | Q_SS2 | हो/होइन |
| ४. | कसरी? | Q_SS2.1 | लेख्नु |
| ५. | स्व आपूर्ति समाधानको लागि पुरस्कार र सजाय कानूनी- छ? | Q_SS3 | हो/होइन |
| ६. | कसरी? | Q_SS3.1 | लेख्नु |

*प्रमाणिकरण मितिः २०८२/०९/१७*

*आज्ञाले,*
*पिताम्बर पाण्डे*
*प्रमुख प्रशासकीय अधिकृत*